म.जि.प्र.का दर्ता न: १०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ६९ २०७९ माघ १३ गते शुक्रबार 27 January 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




# सरस्वती पुजाको अवसरमा...



हेटौंडा-४, कर्रास्थित श्रमिक माविमा एक बालकलाई अक्षरारम्भ गराउनुहुँदै वडा अध्यक्ष नवीन सिग्देल ।



हेटौंडा-५, गर्दोइस्थित लक्ष्मी आधारभूत विद्यालयमा एक बालिकालाई अक्षरारम्भ गराउनुहुँदै शिक्षक सावित्री अधिकारी ।

# विद्यालयले बुझाएनन् शुल्क प्रस्ताव

समाज संवाददाता

हेटौंडा: आगामी शैक्षिक सत्रका लागि कुनै पनि विद्यालयले शुल्क प्रस्ताव बुझाएका छैनन् । हेटौंडा उपमहानगरपालिकाले शैक्षिक शुल्क प्रस्ताव आह्वान नगरेकाले संस्थागत विद्यालयहरुले शुल्क प्रस्ताव नबुझाएको हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रामचन्द्र खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार उपमहानगरको शिक्षा समितिले शुल्क प्रस्ताव छनौट समिति बनाएर अनुमोदन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था छ । तर कोभिड महामारीका कारण विगत २ वर्षदेखि शुल्क प्रस्ताव संस्थागत विद्यालयहरुले बुझाएका छैनन् । शिक्षा क्षेत्र अस्तव्यस्त भएको अवस्थामा विद्यार्थी र अभिभावकहरुलाई मारमा पर्ने भएकाले शुल्क प्रस्ताव आह्वान नगरिएको शिक्षा अधिकृत खड्काले जानकारी दिनुभयो ।

जसकारण २०७६ सालमा तोकिएको शुल्कअनुसार नै विद्यालयहरुले लिन पाउने व्यवस्था रहेको उहाँले बताउनुभयो । माघ मसान्तभित्र शुल्क प्रस्ताव बुझाउन पाउने व्यवस्था रहेपनि हालसम्म उपमहानगरले शुल्क प्रस्ताव बुझाउन सूचना जारी नगरिएकाले कुनैपनि विद्यालयले शुल्क प्रस्ताव बुझाएका छैनन् ।

# मुख्य न्यायाधिवक्तामा नेपाल

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारको मुख्य न्यायाधिवक्तामा ज्ञानेन्द्र नेपाल नियुक्त हुनु भएको छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १६० को उपधारा २ बमोजिम मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सिफारिसमा नेपाललाई बिहीबार नियुक्त गर्नुभएको हो ।

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका १४ निवासी ज्ञानेन्द्र नेपाललाई बिहीबार प्रदेश प्रमुख शर्माले नियुक्तिपत्र हस्तान्तरण गर्नुभएको छ । उहाँ ललितपुर बारका पूर्व सचिव समेत हुनु हुन्छ । उहाँले आपराधिक कानुनमा एलएलएम गर्नुभएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## जनप्रतिनिधि महिला सञ्जालमा सिलवाल

# महिला जनप्रतिनिधिको सशक्तीकरणमा नगरप्रमुख लामाको जोड



*नगर प्रमुख लामाले आयोजना गर्नुभएको वडा सदस्य महिलाको भेलामा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाका वडा सदस्य महिलाहरुको सञ्जाल गठन गरिएको छ । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले बुधबार वडा सदस्य महिलासँग राख्नुभएको परिचयात्मक कार्यक्रममा सहभागी महिला जनप्रतिनिधिले सञ्जाल गठन गरेको हो ।

वडा सदस्यमा निर्वाचित महिलाको नेतृत्व, व्यक्तित्व र क्षमता विकासका लागि सहयोगी कार्य गर्ने उद्देश्यले सञ्जाल गठन गरिएको हो । सञ्जालको संयोजकमा ५ नम्बर वडा सदस्य रञ्जिता सिलवाल चयन हुनुभएको छ । सहसंयोजकमा १६ नम्बर वडा सदस्य संगीता बिक चयन हुनुभएको छ भने सदस्यमा १ नम्बर वडा सदस्य मुना दाहाल, १३ नम्बर वडा सदस्य सानुमाया नेपाली र १९ नम्बर वडा सदस्य रमा गोले चयन हुनुभएको छ ।

सञ्जालले गोष्ठी, अभिमुखीकरण तथा अन्तरक्रियाको आयोजना गरेर महिला जनप्रतिनिधिलाई सशक्तीकरणको प्रयास गर्ने संयोजक सिलवालले जानकारी दिनुभयो । उपमहानगरका वडामा सदस्य निर्वाचित महिलाहरुले सदस्यको रुपमा गर्नुपर्ने काम, कर्तव्य, कानुनका विषयमा जानकारी नभएकै कारण आफूलाई सक्रिय बनाउन नसकेको उहाँले बताउनुभयो । सञ्जालमार्फत महिला जनप्रतिनिधिलाई सक्रिय र सशक्त बनाई आगामी निर्वाचनमा वडा सदस्यमा मात्रै नभई वडा अध्यक्ष, नगरको प्रमुख, उपप्रमुखको प्रमुख दावेदार बनाउने सिलवालको भनाइ छ ।

महिला जनप्रतिनिधिको भेलालाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामाले स्थानीय तहको निर्वाचन सकिएलगत्तै प्रदेश र प्रतिनिधिसभाको निर्वाचन निश्चित भएकोले चाहेर पनि महिला जनप्रतिनिधिको भेला गराउन नसकेको उल्लेख गर्नुभयो । आसन्न निर्वाचनका कारण महिला भेला गर्दा अनेकौं आशंकामा सहजै भेला हुन सक्ने अवस्था नरहेको स्पष्ट पार्नुहुँदै नगर प्रमुख लामाले भन्नुभयो, "पार्टीहरु बीचको प्रतिस्पर्धाकै कारण महिलाहरु एक ठाउँमा बसेर आफ्ना समस्याका बारेमा चर्चा गर्ने अवस्था थिएन । महिला नगर प्रमुखको रुपमा म मेरो प्रमुख दायित्वको रुपमा महिला जनप्रतिनिधिको सशक्तीकरणको कार्य गर्नेछु ।" महिला जनप्रतिनिधिकै आवश्यकता र मागका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने हेटौंडा उपमहानगरपालिकाका भीम प्रसाद तिमल्सिनाले जानकारी दिनुभएको छ ।

# प्रदेश प्रहरी प्रमुख थापाद्वारा पदभार ग्रहण



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश प्रहरी प्रमुखका रूपमा प्रहरी नायब महानिरीक्षक दीपक थापाले बिहीबार आफ्नो पदभार ग्रहण गर्नुभएको छ । थापाको नेपाल सरकारको गत पुस २९ गतेको गृह मन्त्रीस्तरीय निर्णयअनुसार नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय नक्साल, काठमाडौंबाट बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा सरुवा भएको थियो ।

बागमती प्रदेश प्रहरी प्रमुखको रुपमा सरुवा भई आउनुभएका प्रहरी नायब महानिरीक्षक थापालाई बागमती प्रदेश प्रहरी कार्यालयमा स्वागत गरिएको छ । पदभार ग्रहणपश्चात् प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले बागमती प्रदेश प्रहरीको अवस्था तथा समग्र कार्यसञ्चालन बारेमा संक्षिप्त प्रस्तुतिकरण दिनुभएको थियो ।

प्रदेश प्रहरी प्रमुख थापाले तस्करी नियन्त्रण गर्ने, पीडितलाई प्राथमिकतामा राखी प्रदेशको शान्ति सुरक्षा कायम गर्ने, वस्तुनिष्ट अपराध अनुसन्धान गर्ने, विगतदेखि पेन्डिङमा रहेका मुद्धाहरुको अनुसन्धान गर्ने, फरार अपराधी पक्राउ गर्ने, प्रहरी कर्मचारीको मनोवलमा बृद्धि गरी कार्यमा लगाउन उत्प्रेरणाका क्रियाकलाप सञ्चालन गर्नेलगायतका विषयहरु आफ्नो प्रमुख प्राथमिकताका क्षेत्रहरु भएको हुँदा सोहीअनुसार कार्यसम्पादन गर्न गराउन हुन कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशनसमेत दिनुभएको थियो ।



# सम्पादकीय

## महोत्सव सार्थक बनोस्

आयातमुखी अर्थतन्त्र भएको मुलुकमा स्थानीय उत्पादनको प्रवर्द्धन आवश्यक हुन्छ । आयात कम गरेर मुलुकलाई आत्मनिर्भर बनाउन स्थानीय उत्पादन वृद्धि गर्नुपर्छ । उत्पादन वृद्धिसँगै त्यसको सहज बिक्री वितरण र उपभोगका लागि पनि प्रेरित गर्नुपर्छ । स्थानीय उत्पादनको प्रचारप्रसार र प्रवर्द्धनका लागि विभिन्न मेला, महोत्सव तथा प्रदर्शनीहरु गर्ने गरिन्छ । उद्योग, व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले देशका विभिन्न क्षेत्रमा औद्योगिक, व्यापार मेला तथा महोत्सवहरु हुने गरेका छन् । तर, यस्ता मेला, महोत्सव व्यावसायिक प्रवर्द्धनभन्दा खेल, मनोरञ्जन र खानपिनमा केन्द्रित हुने गरेको छ । स्वदेशी उत्पादनको प्रवर्द्धनभन्दा खेल र मनोरञ्जनलाई बढी प्राथमिकता दिइँदा मेला उद्देश्यमूलक र सार्थक हुन सक्दैन । महोत्सव आयोजना गर्नु एउटा सकारात्मक प्रयास भए पनि त्यसलाई उद्देश्यमूलक ढंगले सभ्य र संयमितरुपमा सम्पन्न गर्नसक्नु यसको सफलता हुन्छ । महोत्सवको सफलतालाई आर्थिक कारोबारको आँकडासँग भन्दा स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्न कति सफल भयो भन्ने दृष्टिकोणबाट हेर्नु आवश्यक छ ।

बागमती प्रदेशको राजधानी हेटौंडामा बुधबारबाट १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव सुरु भएको छ । मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा करिब ३ वर्षपछि हेटौंडामा व्यापार महोत्सव भएको हो । विगतमा वर्षेनि आयोजना गरिने यस्ता महोत्सव कोभिड-१९ का कारण हुन सकेको थिएन । महोत्सवको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले उद्घाटन गरेका छन् । महोत्सव उद्घाट गर्दै मुख्यमन्त्री जमकट्टेलले समृद्ध र आत्मनिर्भर बागमती प्रदेश बनाउन यसले सहयोग गर्ने बताएका छन् । कोभिड-१९ का कारण प्रभावित बनेको व्यापार व्यवसायको अवस्था सुधार्न महोत्सव सहयोगी हुने उनको भनाई छ । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न प्रदर्शनीमूलक महोत्सव आयोजना गर्नुपर्ने कतिपय व्यवसायीको माग रहेको थियो । महोत्सवमा बाहिरका व्यवसायी आएर व्यापार गर्दा स्थानीयको व्यापार प्रभावित हुने भन्दै मेलालाई बिक्रीमूलक भन्दा पनि प्रदर्शनीमूलक बनाउन माग गरिएको थियो ।

महोत्सवमा राजधानी काठमाडौंका विभिन्न उत्पादनदेखि जुम्लामा उत्पादन भएका मार्सी चामल र स्थानीय स्तरमा उत्पादन भएका खाद्यवस्तु प्रदर्शनीमा राखिएको बताइएको छ । महोत्सवमा मकवानपुरगढी गाउँपालिकामा उत्पादित स्थानीय कृषि उपज प्रदर्शनी तथा बिक्रीका लागि राखिएको बताइएको छ । स्थानीय प्रतिभालाई स्थान दिने उद्देश्यले गायन प्रतियोगिता, नृत्य प्रतियोगिता, सौन्दर्य प्रतियोगितासमेत गराइने आयोजकले जानकारी दिएको छ । महोत्सवका अवसरमा उद्यमीहरुलाई सम्मान र प्रोत्साहनस्वरुप निःशुल्क स्वास्थ्य परीक्षणको कार्यक्रम पनि गरिने भएको छ । हेटौंडा-१० स्थित टीसीएन चौरमा सुरु भएको महोत्सवमा ३ सय ३७ वटा स्टल रहेका छन् । आगामी माघ २३ गतेसम्म सञ्चालन हुने महोत्वसबाट करिब ३० करोडको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको छ ।

घरेलु उद्योग, कृषि तथा औद्योगिक उत्पादन, व्यापार, व्यवसाय, पर्यटन प्रवर्द्धन आदि उद्देश्य राखेर आयोजना हुने महोत्सवमा दर्शकको सहभागिता बढाउन केही खेल तथा मनोरञ्जन आवश्यक हुन्छ । तर महोत्सवमा उत्पादनको प्रदर्शनी, वस्तु तथा सेवाका जानकारी गरी व्यवसाय प्रवर्द्धनभन्दा खेल तथा मनोरञ्जनलाई बढी महत्व दिनु हुँदैन । नाच्ने, गाउने, विभिन्न खेल खेल्ने, मनोरञ्जन गर्ने, खाने कुरामा जोड दिई अवलोकनकर्तालाई आकर्षित गरेर पैसा कमाउने प्रवृत्तिले महोत्सवको उद्देश्य पूरा हुँदैन । उद्देश्यविपरितका मेला, महोत्सव सार्थक बन्न सक्दैन । कुनै पनि स्थानमा आयोजना हुने व्यापार महोत्सवले कम्तिमा त्यस जिल्लाका स्थानीय तहका उत्पादनलाई प्रवर्द्धन गर्न सक्नुपर्छ । महोत्सवलाई बढी आर्थिक कारोबार गर्नेतर्फ केन्द्रित नगरी विभिन्न वस्तु तथा सेवाको प्रवर्द्धनतर्फ केन्द्रित गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : शिक्षा दीक्षा सोचे अनुरुप नै हुने समय छ ।
**वृष** : प्रतिस्पर्धा र प्रतियोगिताका काममा सरिक भइनेछ ।
**मिथुन** : कला सम्बद्ध विषयमा रुचि जाग्ने समय छ ।
**कर्कट** : पढाइमा परिश्रम अनुसार प्रतिफल प्राप्त हुनेछ ।
**सिंह** : पढाई–लेखाईमा बढी परिश्रम गर्नुपर्ने समय ।
**कन्या** : अध्ययन–अध्यापनका काममा मन जाला ।
**तुला** : व्यापार–व्यवसायका क्षेत्रहरु मध्यमकारक रहलान् ।
**वृश्चिक** : मिहिनेत र परिश्रमले काममा सफलता मिल्ला ।
**धनु** : सामाजिक दायित्व थपिने समयको योग रहेको छ ।
**मकर** : शिक्षादीक्षाका क्षेत्रमा द्विविधा बढ्ने योग छ ।
**कुम्भ** : सामाजिक दायित्व बढ्ने र सामाजिक चर्चा होला ।
**मीन** : शारीरिक अवस्था र चोटपटकको भय बढ्ने छ ।

# न्यायालयमा राजनीति हाबी हुँदा न्याय ध्वस्त



आस्था लोहनी



*कमजोरी दोहोरिनु समस्या हो, समस्या दोहोरिनु अपराध र अपराधको कुनै माफी हुंदैन त्यसैले यो पक्षलाई ख्याल गर्नुपर्छ । राजनीतिक पार्टीको काखमा बसेर कानुनी शासनको चुल्ठो समाएर न्यायालयलाई लात हान्नेको कमी नभएको यो स्थानमा न्यायालयका पूजारीको ठूलो भूमिका हुन्छ ।*

न्यायको मन्दिर मानिने न्यायालय, त्यहाँका भगवान्हरू र त्यहाा विभिन्न कारण र परिस्थितिले आउने आस्तिक भक्त र पूजारी अर्थात् वकिल जस्ता पात्रको कथा आजकाल छलफलको विषय बनेको छ। म अझै पूजारी भइसकेको त छैन तर तरखरमा भएर होला त्यो भगवान्का कयौं गुनासोहरू भक्तहरूले मलाई सुनाइरहेका हुन्छन्। त्यो भगवान्मा धेरै आस्था भएकै कारणले होला गुनासोहरू पनि धेरै आइरहेका, अनि यो लेख्न मलाई विवश अनि बाध्यकारी बनाएको पनि।

यी भगवान्रु पनि अचम्मका रहेछन्, यिनी सुन्छन् र पनि नसुने जस्तो गर्छन्, बोल्छन् र पनि नबोले जस्तो गर्छन्, देखिन्छन् र पनि नदेखिए जस्तो अदृश्य बन्छन्, खान्छन् र पनि नखाए जस्तो गर्छन्, जानेर पनि नजाने जस्तो अनविज्ञ बन्छन्, लिएर पनि नलिए जस्तो गर्छन् । यी भगवान्रु मन्दिरका भन्दा अलिक फरक प्रकृतिका छन्, त्यसै कारणले यी आलंकारिक भगवान्भन्दा त सायद ती मन्दिरका नसुन्ने, नदेख्ने, नबोल्ने, नखाने भगवान् नै ठीक होइनन् र ?

तर यी दुवै मन्दिरका भगवान्मा एउटा समानता छ । मन्दिरका भगवान् पाषणाले बनेका हुन्छन् सो सरह न्यायालयका भगवान् मानिने यिनीहरूको हृदय पनि पाषाणले बनेको जस्तै पाषण हृदय बनेको देखिन्छ। किन यस्तो भएको यसको कारण खोतल्न बाँकी नै छ, साथै यो अहिलेको समयको आवश्यकता पनि हुन जान्छ नत्र त न्याय प्रणालीलाई आफैं धराशयी हुनमा कुनै भविष्यकाललाई पर्खिराख्नु पर्दैन अनि त्यसको परिणाम स्वरूप निहत्था बन्न जान्छ, न्यायालय।

भनिन्छ नि, 'पढेको भन्दा परेकोले धेरै जानेको हुन्छन्।' त्यसैले होला त्यहाँका भक्तहरूले अरुले नदेखेको निहत्था न्यायालयसँग परिचित भएको, त्यसमाथि अहिलेको अवस्थामा मन्दिरको नाङ्गो नाच देखाएको सबै माझ छर्लङ्ग नै छ।

गुनासो गर्ने भक्तसँग एउटै जिज्ञासा मनमा थियोह शक्ति, अधिकार, ज्ञान, अनुभव भएको न्यायालय कसरी निहत्था भो होला, होइन र ? यहाँका भगवान्को हात र साथमा त जहिले औजार हुन्छन् शक्ति, अधिकार, कालो कोटको तर पनि निहत्था कसरी ? यो प्रश्नको उत्तर अनुरूप मैले कडा जवाफ पाएँ।

'शक्ति, अधिकार, ज्ञान, अनुभवसँगै ती मूल्यवान् नोटको बलले हतियार भएका पनि निहत्था भए । यी न्यायका सर्जक मानिने पनि निहत्था भए । त्यस्ता कैयौं उदाहरण छन्, जसले तपाईंको यो प्रश्नलाई सम्बोधन गर्छन् । सर्वप्रथम त, जबर्जस्ती करणी, लागूऔषध जस्ता गम्भीर प्रकृतिको मुद्दामा भएका आदेशहरू, फैसला हेर्दा आफ्नो शक्ति, ज्ञान र अझै जान्नुपर्ने भन्दा बढी शक्ति, ज्ञानको हो कि सम्पदाको प्रयोग गर्न जानेको हो कि, कानुन नै नजानेको हो भन्ने कुरा विवादस्पद लाग्छ ।

यस्ता प्रकृतिका मुद्दामा वादीले लगाएको आरोप र अभियोगलाई लक्ष्मण रेखा मानेर प्रतिवादीलाई रावण बनाइन्छ तर वास्तवमा Jurist William Blackstone sf] "An innocent until proven guilty" ls "Better that ten guilty persons escape, than that one innocent be condemned and suffer capitally" र यसैको अवधारणबाट वास्तवमा मुद्दाको गाम्भीर्य र प्रकृति बुझेर न्यायिक निरूपण गर्नुपर्ने आवश्यकता होइन र ? तर तपाईंको अदालत छ्याछ्या निहत्था नै हो।'

म आश्चर्यचकित भएँ त्यो न्याय निरूपण गर्ने सबैको साझा न्यायालय कहाँ, कसरी, कहिले र के कारणले निजी हुन पुगेछ । यतिले मात्र उहाँलाई सन्तुष्टि दिएन । "Every saint has a past, every sinner has a future" भन्ने अपवाद मात्र हो त ? वहाँको कुराबाट कि त वहाँले न्यायालयलाई धेरै बुझेको हो या त्यो पात्र अति नै अन्यायमा परेको हुनुपर्छ भन्ने मैले अनुमान गरें।

यहाँ कानुनी सिद्धान्तलाई भिरबाट आफैं धकेलेर रामराम भन्नेको कमी छैन। यस्ता कानुनी सिद्धान्तलाई तहसनहस पार्न त संविधान वा राज्यको चौथो अंग पनि पछाडि पर्दैनन् । अब त्यो न्यायालयलाई इज्जत दिन नसकेको हो कि निहत्था सोचेर अपमानित गरी हेपेको हो ? त्यो संविधान वा राज्यको चौथो अंग स्वरूप रहेका पत्रकार नै जानून्। कुनै पनि कानुन, विधिशास्त्र, संविधान, न्यायाधीश, संस्थाको इज्जत नगर्नु आफैंमा न्यायालयलाई निहत्था भएको महसुस गराउनु हो।

कसैले बारको अगाडि गएर गरेको लडाई, कालो कपडामा गरेको विरोध, कपाल काटेर बोलेको अपशब्द मात्र अवहेलना नभएर माथि उल्लिखित व्यवहार पनि अवहेलना हो। यो केवल मानवताहीन व्यक्तित्व वा नैतिकताहीन व्यक्तिको पहिचान मात्र होइन तर त्यो न्यायालयबाट हुन नसकेको वा त्यो न्यायमूर्तिले दिन नसकेको न्यायको परिणाम स्वरूप देखापरेको भावनाको सम्मिश्रण हो। त्यो न्यायालयलाई निहत्था भएको प्रमाणपत्र दिने पनि प्राय यहााका भक्तहरू नै हुन्।

न्यायालयमा हाबी भएको राजनीतिले न्यायलाई ध्वस्त बनाएको वास्तविकतालाई नकार्न सकिंदैन । अब अदालतभित्रको कार्यव्यवस्थाको कुरा र छलफल गर्ने मेरो नैतिकता र ओहोदाले पनि दिएन तर त्यो व्यवस्थामा पनि हजारौं आरोप प्रत्यारोप, अन्तर्विरोधभन्दा बाहेकका त्रुटि र कमजोरीको थैलोलाई छुट्टाछुट्टै खोल्नुपर्छ र त्यसको हिसाबकिताबको फाइल पनि फरक हुन्छ । त्यसैले होला न्यायालय र न्यायाधीशलाई निहत्था देखेको त्यो न्यायको मूर्ति पुज्ने भक्तहरूले। विचाराधीन मुद्दा, प्रमाणको व्यवस्थापन, पुनरावलोकन, पेसी, कार्यान्वयन पक्ष, कार्यविधि लगायतका त अझै स्पष्ट छलफल गर्नुपर्ने पाटो त छँदै छन्।

प्रमाणको संकलन गर्ने पहिलो न्यायाधीशको ओहोदा पाएका अनुसन्धानको समयदेखि नै न्यायिक पक्षलाई बलियो बनाउनुपर्ने देखियो । झुट्टो आरोपको आरोपित भएका व्यक्तिलाई पनि पीडितको नजरबाट हेरेर क्षतिपूर्ति साथै दाबी गर्ने ठाउँ राख्नुपर्छ र यसमा Judicial Activism पनि देखिनुपर्छ।

साथै Social Engineer को हैसियतले सामाजिक परिपाटी, सम्बन्ध र विकासलाई परेको हरेको असरलाई मध्यनजर गर्नुपर्छ। अझै पनि मेरो मुद्दा फलानो न्यायाधीशकोमा परेको छ के उहाँ इमानदार हुनुहुन्छ भन्ने परिस्थिति नआओस्। कमजोरी दोहोरिनु समस्या हो, समस्या दोहोरिनु अपराध र अपराधको कुनै माफी हुँदैन त्यसैले यो पक्षलाई ख्याल गर्नुपर्छ। राजनीतिक पार्टीको काखमा बसेर कानुनी शासनको चुल्ठो समाएर न्यायालयलाई लात हान्नेको कमी नभएको यो स्थानमा न्यायालयका पूजारीको ठूलो भूमिका हुन्छ। तर, अपवाद स्वरूप रहनु भएको नै भन्नुपऱ्यो न्यायाधीश सरह भगवान् र पुजारी सरह अधिवक्ताप्रति आत्मादेखि नै सम्मान छ। *(स्रोतःइकागज)*

# पाठेघरबाहिर किन बच्चा बस्छ ?

गर्भावस्थाको समयमा धेरै शारीरिक परिवर्तन हुन्छन्। जब निषेचित अण्डा पाठेघरमा जोडिन्छ, तब गर्भावस्था सुरु हुन्छ । तर कतिपय गर्भवती महिलाहरूमा भने पाठेघर बाहिर बच्चा बस्ने समस्या पनि हुन्छ।

श्रीमानको शुक्रकीट र अण्डाशय मिलेर 'जाइगोट'बन्छ। त्यो जाइगोट बन्ने प्रक्रिया अण्डबहिनी नलीमा हुन्छ र पछि त्यो पाठेघरमा आउँछ। पाठेघरमा त्यो नौ महिना हुर्किन्छ । विभिन्न कारणले त्यो जाइकोज पाठेघरमा नआएर अण्डबाहिनी नली, अण्डाशयमा, आन्द्राको माथि बोसोमा, आन्द्रामा, पाठेघरको तल्लो तहमा गएर टाँसिन्छ र त्यहाँ हुर्कने प्रयास गर्छ। यसलाई पाठेघर बाहिर बच्चा बसेको वा 'एक्टोपिक प्रेग्नेन्सी' भनिन्छ। सामान्यतया एकदेखि १० प्रतिशत गर्भवती महिलामा 'एक्टोपिक प्रेग्नेन्सी' हुन्छ।

फर्टिलाइज भएको भ्रुण पाठेघरमा आएर विकास हुनुपर्ने हो। तर पाठेघरमा नगई त्यो अण्डबहिनी नलीमा वा अन्यत्र बस्छ। त्यहाँ त गर्भ हुर्कन सक्दैन जसले गर्दा फुट्छ। धेरै अवस्थामा फुटेर रगत बगेपछि मात्र थाहा पाउँछन्।




### लक्षण

पाठेघरबाहिर बच्चा बस्दा देखिने पहिले लक्षण गर्भावस्थामा जस्तै महिनावारी रोकिनु हो । साथै धेरै वाकवाकी लाग्ने, तल्लो पेट दुख्ने र रगत बग्ने समस्या हुन्छ। बच्चा बसेर पनि फुटिसकेको रहेछ भने बेहोस हुने, चक्कर लाग्ने, धेरै रगत बग्ने र मृत्यु समेत हुन सक्छ।

### पाठेघर बाहिर बच्चा बस्ने कारण

–पाठेघरको भित्री तहमा संक्रमण
–पहिला संक्रमण भएर ट्युबमा क्षति भएको अवस्थामा
–पाठेघर तथा अण्डबहिनी नलीको अन्य समस्या
–ट्युबको पहिला शल्यक्रिया भएको भए
–जन्मजात पाठेघर र ट्युबमा समस्या

### ध्यान दिनुपर्ने कुरा

पाठेघर बाहिर बच्चा बसेका अधिकांश महिला अवस्था खराब भएपछि अस्पताल पुग्छन्। यो समस्या गर्भवती भएपछि तीन महिनाभित्रको समस्या हो । महिनावारी रोकिएपछि गर्भ रहेको छ कि छैन भनेर जाँच गर्नुपर्छ। गर्भ रहेको छ भने ६ देखि ८ हप्तामा अल्ट्रासाउन्ड गर्नुपर्छ। अल्ट्रासाउन्ड गर्दा बच्चाको अवस्था थाहा हुन्छ।

### उपचार

पाठेघर बाहिर बच्चा बसेको छ भने तुरुन्त उपचार गर्नुपर्छ। आठ हप्ताअघि नै समस्या पत्ता लाग्यो भने उपचार अलि सहज हुन्छ। त्यसपछि भने फुट्ने सम्भावना हुन्छ । फुटेर रक्तस्राव हुन्छ र रगतको कमी हुन्छ । फुटेको ठाउँलाई शल्यक्रिया गरेर काटेर हटाउनुपर्छ । रगतको कमी भएको छ भने रगत दिनुपर्छ।

### बच्चालाई बचाउन सकिन्छ ?

पहिले यसरी पाठेघर बाहिर बच्चा बस्दा आमा बच्चा दुवैलाई बचाउन सकिंदैन थियो । पछि आमालाई बचाउन सकिने भयो । अहिले आमा र आमाको प्रजनन् क्षमतालाई बचाउन सकिन्छ। तर अक्टोपिक प्रेग्नेन्सी नफुटेको अवस्थामा नै पत्ता लाग्यो भने पनि बच्चालाई भने बचाउन सकिंदैन।

त्यसैले गर्भ राख्नुभन्दाअघि दम्पतीले योजना बनाउनुपर्छ । चिकित्सकसँग परामर्श लिएर स्वास्थ्य जाँच गरियो भने केही समस्या छ भने पत्ता लाग्छ र त्यो समस्याको उपचार गरेपछि गर्भ राखियो भने आमा र बच्चा दुवै स्वस्थ हुन सक्छन्।

*(प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. शाहसँग सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित)*

# शैक्षिक गतिविधिमा समन्वय कम छ


सागरप्रसाद खतिवडा रविन श्रेष्ठ

नगरस्तरीय शैक्षिक समन्वय समितिले हेटौंडा उपमहानगरभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गतिविधिमा एकरुपता कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । नगरको शैक्षिक संस्थाहरुको गतिविधि, उपलब्धी, सुधारका पक्षहरु र परीक्षाका विषयमा नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष सागरप्रसाद खतिवडा र जनप्रिय माविका अंग्रेजी तथा सामाजिक विषय शिक्षक रविन श्रेष्ठसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:

समाज: नगरस्तरीय शैक्षिक समन्वय समितिले केहि दिनअगाडि नगरका सामुदायिक विद्यालयहरुमा लिएको अर्धवार्षिक परीक्षा कस्तो रह्यो ?

**खतिवडा**: वि.सं. २०५३ सालदेखि नगरस्तरीय शैक्षिक समन्वय समितिले हेटौंडा नगर क्षेत्रभित्रको शैक्षिक गतिविधिलाई एकरुपता कायम गर्नका लागि विभिन्न किसिमका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । विगतका दिनहरुमा विभिन्न अतिरिक्त क्रियाकलापसमेत सञ्चालन गर्दै आएकोमा कोभिड–१९ पछि भने निरन्तरता दिन सकेको थिएन । तर, पछिल्लो समयमा भने हामीले फेरि त्यसलाई निरन्तरता दिने प्रयास गर्दैछौं । हामीले गत पुस २८ गते अर्धवार्षिक परीक्षा सम्पन्न गरेर नतिजा प्रकाशनको तयारीमा छौं । माघ १५ गतेभित्र नतिजा प्रकाशन गर्ने तयारीमा छौं । नगरस्तरीय शैक्षिक समन्वय समितिमार्फत् परीक्षालाई मात्र नभई परीक्षण र नतिजालाई पनि एकरुपता दिन लागिपरेका छौं । ७ हजार १ सय ५५ जना विद्यार्थीहरु अर्धवार्षिक परीक्षामा सहभागी भएका थिए । नगरका सबै विद्यालय समावेश भएका छैनन् । जम्मा ३६ वटा विद्यालयमात्र समावेश भएका थिए । हामी अहिले माघ २६ गतेदेखि कक्षा १० को एसईई पूर्वतयारी परीक्षा सञ्चालन गर्ने तयारी गर्दैछौं ।

समाज: पछिल्लो समयमा नगरस्तरीय शैक्षिक समन्वय समिति शिक्षामा भन्दा बढी परीक्षामा केन्द्रित हुनुको कारण के हो ?

**खतिवडा**: परीक्षा पनि शैक्षिक गतिविधिमा नै पर्छ । योभन्दा पहिला नगरस्तरीय शैक्षिक समन्वय समितिले आफ्नै मातहतमा शैक्षिक गतिविधिहरुअन्तर्गत् आन्तरिक र अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरेको थियो । त्यतिबेला हामीले नगरपालिकासँग आर्थिक सहयोग मागेर नगरस्तरीय शैक्षिक समन्वय समितिको मातहतभित्रै सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गर्थ्यौं । तर, पछिल्लो समयमा शैक्षिक क्रियाकलापहरु नगरपालिकाको शिक्षा महाशाखाले नै गर्ने गरेको छ । शिक्षा महाशाखाले हामीसँग समन्वय नगरेको र नगरपालिकाले नगरस्तरीय शैक्षिक समन्वय समितिको लागि बजेट नछुट्याएकोले आर्थिक अभावका कारण हामीले यस्ता क्रियाकलापहरुमा ध्यान दिन सकिरहेका छैनौं । समितिअन्तर्गत् सञ्चालन हुनेगरी कुनै पनि कार्यक्रम र बजेट छुट्टिएको छैन । आम्दानीको कुनै स्रोत नहुँदा पनि नितान्त परीक्षालाई मात्र समेटेको हो ।

समाज: जनप्रिय माविमा नगरस्तरीय शैक्षिक समन्वय समितिको सहकार्य कस्तो छ ?

**श्रेष्ठ**: शैक्षिक समन्वय समितिले जनप्रिय माविलाई प्रश्नपत्र उपलब्ध गराएपछि उक्त प्रश्नपत्र बमोजिम नै हामीले परीक्षा सञ्चालन गरेका थियौं । अहिले हामी उत्तरपुस्तिका परीक्षणको चरणमा छौं र हामी छिट्टै नतिजा प्रकाशन गर्ने गरी तयारी गर्दैछौं ।

समाज: विद्यार्थी भर्नादेखि प्रथम त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षासम्म आउँदा विद्यार्थी उपस्थिति संख्या कस्तो रह्यो ?

समाज: समग्र परीक्षा प्रणालीमा सुधार गर्न के–के गर्नुपर्ने देख्नुभएको छ ?

**श्रेष्ठ**: सबैभन्दा पहिला मैले ग्रुपवर्कको आवश्यक देखेको छु । नगरपालिकाको शिक्षा महाशाखा, शैक्षिक समन्वय समिति र विद्यालयहरुबीच समन्वय गरी सहकार्य गर्दै विभिन्न शैक्षिक गतिविधि सञ्चालन गरेमा नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको परीक्षा प्रणालीलगायत शैक्षिक अवस्थामा पनि सुधार हुने देखिन्छ । र सम्पूर्ण विद्यालयको परीक्षा र नतिजामा समेत एकरुपता आउँछ ।

विद्यार्थीको उत्तर लेखनशैलीमा कतिको सुधार आएको छ ?

**श्रेष्ठ**: विद्यार्थी भर्ना संख्याको तुलनामा पहिलो त्रैमासिक परीक्षामा विद्यार्थी उपस्थिति संख्या न्यून रहेको थियो भने अर्धवार्षिक परीक्षामा चाहिँ पहिलो त्रैमासिक परीक्षामा भन्दा धेरै संख्यामा विद्यार्थीको उपस्थिति रह्यो । पछिल्लो समयमा परीक्षामा उपस्थित विद्यार्थीको संख्या बढ्दो क्रममा भएकाले हामीले यसलाई सकारात्मकरुपमा लिएका छौं । हामी अहिले अर्धवार्षिक परीक्षाको कपी परीक्षणको क्रममा छौं । अहिलेसम्मको परीक्षणलाई हेर्दा पहिलो परीक्षाको तुलनामा दोस्रो परीक्षामा उत्तर लेख्ने शैलीमा धेरै सुधार आएको छ ।

समाज: नगरभित्रका ३६ वटा सामुदायिक विद्यालयको परीक्षामा एकरुपता ल्याउनका लागि नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रश्नपत्र बनाएर पठाएपछि नतिजाको विश्लेषण कसरी गर्नुहुन्छ ?

**श्रेष्ठ**: धेरै अगाडिदेखि नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रश्नपत्र बनाएर पठाउने, परीक्षाको अनुगमन गर्ने र केन्द्रीकृतरुपमा नतिजा प्रकाशन गर्दै आएको थियो । तर कोभिड–१९ माहामारीपछि भने आर्थिक अभावलगायत विभिन्न समस्याका कारण प्रश्नपत्रमात्र बनाउने गरेको छ र हामीले केन्द्रिकृतरुपमा नतिजा प्रकाश र विश्लेषण गर्न सकेका छैनौं ।

समाज: नगरपालिकाले के गरिदियो भने नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रभावकारीरुपमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्छ ?

**खतिवडा**: समग्र देशको विकास उक्त देशको शैक्षिक अवस्थामा निर्भर गर्दछ । त्यसैगरी नगरको विकास हुनको लागि नगरको शैक्षिक विकास पनि हुनुपर्दछ । त्यसका लागि नगरपालिकाले शैक्षिक समन्वय समितिका लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्थापन गर्नुपर्छ । अनुगमनकर्ताको व्यवस्था, परीक्षामा एकरुपता ल्याउनका लागि शैक्षिक समन्वय समितिसँग समन्वय गर्नुपर्दछ । नगरपालिकाले यस्तो व्यवस्था गरेमा नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रभावकारीरुपमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## सरस्वती पूजा, अक्षरारम्भ र अबको बाटो...



माघ शुक्लपञ्चमी तिथिलाई बसन्त पञ्चमीको रुपमा मनाईन्छ । यसै दिन स्वर, संगीत, कला र शिक्षाकी देवीको रुपमा देवी सरस्वतीको पूजा आराधना पनि गरिन्छ ।

कला विधाका साधक तथा शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका लागि यो दिन अत्यन्तै पावन पर्वको रुपमा लिईन्छ । यसै सन्दर्भमा यस दिनलाई सिकाईको सबैभन्दा उपयुक्त साइतको रुपमा पनि लिने गरिएको छ । त्यसैले पहिलो पटक विद्यालयबाट औपचारिक शिक्षाको शुरुवात गर्न चाहने साना बालबालिकाहरुलाई अक्षरसँग परिचित गराउने दिनको रुपमा समेत सरस्वती पूजाको दिनलाई लिने गरिन्छ । यसदिन कुनैपनि कामको शुरुवातका लागि शुभ दिन मानिन्छ । बालबालिकाको पहिलोपटक नाक, कान छेड्ने कामका लागि समेत प्राय: यही दिनको साइत जुराईन्छ ।

हाम्रो विद्यालयले समेत विद्यालयमा सरस्वती पूजाको कार्यक्रमको आयोजना गरेको थियो । इसाई धर्म, बुद्ध धर्म लगायत किराँत धर्म समेत मान्ने विद्यार्थीको समेत कार्यक्रममा उपस्थिति थियो । विद्यालयमा सरस्वती पूजा मात्र किन धुमधामका साथ मनाईन्छ त ? यही दिनलाई किन अक्षरारम्भका लागि शुभ दिन मानिन्छ त ? कतिपय बालबालिका तथा अभिभावकहरुको मनमा यस्ता जिज्ञासा हुनसक्छ ।

आज हामी यो जिज्ञासाको समेत उत्तर खोज्ने प्रयास गरौं है त । खासगरी हिन्दु धर्मले विभिन्न विधाका लागि छुट्टाछुट्टै देवी देवताहरुलाई मान्ने वा पुज्ने गर्दछन् । धनका लागि देवी लक्ष्मी, शिक्षाका लागि देवी सरस्वती, शक्तिका लागि देवी दुर्गा, कार्यसिद्धिका लागि गणेश, निर्माणका लागि विश्वकर्मा इत्यादि ।

नेपाल हिन्दु बाहुल्य राज्य भएकोले लामो समयदेखि शिक्षाका लागि शैक्षिक संस्थाहरुमा देवी सरस्वतीको पूजा गरिँदै आएको छ । यही क्रमलाई निरन्तरता दिँदै हामी यहाँसम्म आइपुगेका छौं । देवी सरस्वती प्रतिको आस्था शिक्षा र ज्ञानसँग सम्बन्धित भएकोले पनि सबै विद्यार्थीहरुले यस दिनलाई पवित्र दिनको रुपमा स्वीकारेका छन् । यसलाई हामीले सामाजिक विषयमा पढ्ने "धार्मिक सहिष्णुता" पाठको वास्तविक उदाहरणको रुपमा लिन पनि सक्छौं । अन्य धर्महरुमा शिक्षा शुरुवातको साइतको रुपमा कुनै विशेष दिनको प्रयोजन भएको पाइँदैन । यसैले गर्दा पनि प्राचीनकालदेखि यसैदिनको साइतमा अक्षरारम्भ गराइएको पाइन्छ । ज्ञानसँग जोडिएकै कारण सरस्वती पूजाको दिनलाई साझा रुपमा सबैले स्वीकारेको हुनसक्छ । सबै धर्मको राम्रा कुराहरुलाई हामीले अंगाल्दै जानुपर्छ भने खराब कुरालाई छोड्दै र हटाउँदै जानुपर्छ ।

सरस्वती पूजाको साइत पारेर हाम्रो विद्यालयमा धेरै बालबालिकाहरु भर्ना हुनुभएको छ । हाम्रो विद्यालयका साना कक्षाहरुमा (कक्षा नर्सरीदेखि युकेजीसम्म) एउटा कक्षामा मात्र २५ जना विद्यार्थी राखिन्छ । ति २५ जना विद्यार्थीलाई २ जना शिक्षकहरुको निरन्तर साथ रहन्छ । त्यसो हुँदा विद्यार्थीहरुले आवश्यकता अनुरुपको सहयोग पाउनुहुन्छ । हटियादेखि दोभानचौर सम्मका करीब ५० भन्दा बढि बालबालिकाहरु आजै भर्ना हुनुभएको छ भने धेरै फोनबाट नाम टिपाउनुभएको छ । यो अर्थमा विद्यालयमा अब नर्सरीमा ३ वटा सेक्सन हुने देखिन्छ । विद्यालयप्रति अभिभावकहरुको विश्वास र चासो अझै बढेको देखिएको छ । अभिभावकहरुसँग लिइएको अन्तरवार्ताका क्रममा वहाँहरुले विद्यालयको उपलब्धिको बारेमा प्रशंसा गर्दै आफ्ना बालबालिकामा समेत सकारात्मक परिवर्तनको आशा राखेको बताउनु भएको छ ।

आफ्ना बालबालिकाको शैक्षिक जीवनको शुरुवातका लागि पहिलो विद्यालयकोरुपमा मकवानपुर बालविद्या सदनलाई रोज्नु भएकोमा सबै अभिभावकज्यूहरुमा हार्दिक आभार समेत व्यक्त गर्दछौं ।

# बृद्धाश्रममा विविध कार्यक्रम

समाज संवाददाता

हेटौंडा: दिव्यसेवा निकेतन ज्येष्ठ नागरिक आश्रयस्थल रातोमाटेमा सरस्वती पूजासहित विविध कार्यक्रम सम्पन्न भएको छ । निकेतन परिसरमा रहेको सरस्वतीको मन्दिरमा विद्यार्थीसहितको पूजापाठ भएको हो ।

निकेतनले अन्तर विद्यालयस्तरीय बेलुन डान्स, ज्येष्ठ नागरिकको संरक्षण र हेरचाहमा राज्यको भूमिका विषयक वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको थियो । हाजिरीजवाफ प्रतियोगितामा दीपज्योती आधारभूत विद्यालय प्रथम, बंशगोपाल माध्यमिक विद्यालय द्वितीय र लक्ष्मी आधारभूत विद्यालय तृतीय भएका छन । यस्तै, वक्तृत्वकला प्रतियोगितामा बंशगोपाल माविकी छात्रा रोजी सुवेदी प्रथम, जनप्रिय माविकी समीक्षा अर्याल द्वितीय र जनजागृति माविकी रोजीना प्रजा तृतीय भएका छन् । निकेतनका केन्द्रीय अध्यक्ष टीआर निरौलाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख संरक्षिका सुनिता वाइजी, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयकी अधिकृत चन्द्रकुमारी व्यञ्जनकारलगायतले मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा हेटौंडा क्याम्पसका प्राध्यापक मनोज पोखरेल, गैरसरकारी संस्था महासंघ बागमती प्रदेश उपाध्यक्ष कमलकुमार विश्वकर्मा र निकेतनका सल्लाहकार आनन्द सिंहले निर्णायक भूमिकामा सहजीकरण गर्नुभएको थियो । निकेतनका मकवानपुर शाखा उपाध्यक्ष बोलबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रम निकेतनका सचिव युक्तलाल विश्वकर्माको सञ्चालन गर्नुभएको थियो ।

# राक्सिराङमा ३७ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिका–३, पलाँसेमा बिहीबार भएको रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन् । स्थानीय सनराइज इंग्लिस पब्लिक स्कूलको आयोजनामा रक्तदान कार्यक्रम भएको हो ।

जिल्लाकै दुर्गम क्षेत्रमा भएको कार्यक्रममा राम्रो संख्यामा रक्तदाताको सहभागिता रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभयो । रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखा मकवानपुरका पदाधिकारी तथा विद्यालयका शिक्षक, कर्मचारीको सहभागिता रहेको थियो ।

# पूर्वविद्यार्थी समाजमा अशोक

समाज संवाददाता

हेटौंडा: हेटौंडा क्याम्पसको पूर्वविद्यार्थी समाजको अध्यक्षमा अशोक सारु मगर चयन हुनुभएको छ । बिहीबार भएको समाजको दोश्रो अधिवेशनबाट मगर सर्वसम्मत चयन हुनुभएको हो ।

समाजको उपाध्यक्षमा रमा चौलागाई, महासचिवमा डीबी बर्तौला, कोषाध्यक्षमा सन्तोषी बर्तौला नियुक्त हुनुभएको छ । समाजको सदस्यहरुमा सुलभ अधिकारी, रिपेश दाहाल र प्रकाश अधिकारी गरी ७ जनाको कार्यसमिति चयन भएको हो । समाजले २०७६ सालदेखि नै क्याम्पसको शैक्षिक गुणस्तरका लागि विभिन्न रचनात्मक र श्रृजनात्मक कार्यक्रम गर्दै सक्रिय रहेको छ । दोश्रो अधिवेशन समाजका अध्यक्ष बालकृष्ण चौलागाईंको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आन्नदराम पराजुली, क्याम्पस प्रमुख डा. देवचन्द्र मानन्धर, सहायक क्याम्पस प्रमुख देवीराम लामा, रामबहादुर भण्डारी, सञ्जय बस्नेतलगायतको आतिथ्य रहेको थियो ।

# मन्त्रीलाई एमालेको बधाई

समाज संवाददाता

हेटौंडा: नेपाल कम्युनिष्ट पार्टी एमाले मकवानपुरले पार्टीका तर्फबाट बागमती प्रदेश सरकारको मन्त्री नियुक्त हुनुभएकाहरुलाई बधाई तथा सम्मान गरेको छ । बिहीबार एक कार्यक्रमका बीच बागमती प्रदेशमा एमालेका तर्फबाट नवनियुक्त मन्त्रीहरुलाई बधाई तथा स्वागत सम्मान गरेको हो ।

नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा एमाले मकवानपुरका अध्यक्षसमेत रहनुभएका बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठ, बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ र कृषि तथा पशुपछी विकासमन्त्री केशबप्रसाद पोखरेललाई खादा र माला लगाएर बधाई तथा स्वागत सम्मान गरिएको छ । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य जुनेली श्रेष्ठ, एमाले बागमती प्रदेश कमिटी सदस्यहरु रघुनाथ खुलाल, हरि बहादुर महत, जिल्ला सचिव नवीन सिग्देललगायतको आतिथ्य रहेको थियो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# मन्त्री श्रेष्ठद्वारा जनप्रियमा मिडिया सामग्री हस्तान्तरण

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठले हेटौंडा–१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयलाई मिडिया सामग्री हस्तारण गर्नुभएको छ । मन्त्री श्रेष्ठले बिहीबार विद्यालयलाई स्टुडियो मिक्सचर, माइकलगायतका सञ्चार सामग्री हस्तान्तरण गर्नुभएको हो ।

'गल्ली गल्ली' ललितपुर र 'मेरो गाउँ–सिकाइ केन्द्रित गाउँ' परियोजनाले जनप्रिय माविमा सञ्चालन गरेको अन्तरक्रिया कार्यक्रममा उहाँले विद्यालयमा नवनिर्मित स्टुडियोका निम्ति सामग्री हस्तान्तरण गर्नुभएको हो । सामुदायिक विद्यालयअन्तर्गत् देशकै पहिलो मिडिया कक्ष र स्टुडियो स्थापना गरी सञ्चालनमा ल्याएको जनप्रिय माविले विद्यार्थीहरुमा प्रविधिमैत्री र जीवनोपयोगी सीप प्रदान गर्नेमा आफू विश्वस्त रहेको मन्त्री श्रेष्ठले बताउनुभयो ।

उहाँले जनप्रिय नमुना माविले नमुना कार्य गरिरहेको र थप सहयोगका लागि प्रदेश सरकार सकारात्मक रहनेसमेत जानकारी दिनुभयो । मन्त्री श्रेष्ठले जनप्रिय माविका मिडिया संयोजक सुनिल गौतमलाई उक्त सामग्री हस्तान्तरण गर्नुभएको थियो । मोबाइल आर्टस् फर पिस (म्याप) र जनप्रिय माविको सहकार्यमा जनप्रियमा स्टुडियो निर्माण गरिएको म्यापका जिल्ला फोकल पर्सन युक्तलाल विश्वकर्माले बताउनुभयो ।

अन्तरक्रिया एवम् कार्यपत्र प्रस्तुत कार्यक्रममा विभिन्न कारण विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको सिकाइमा देखिएका समस्या समाधानमा ठोस पहल गर्ने मन्त्री श्रेष्ठले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । परियोजनाले सुर्खेत, सर्लाही र मकवानपुर जिल्लामा कार्यक्रम गर्दै आएको छ । परियोजनाका तर्फबाट जीवन शर्माले मन्त्री श्रेष्ठलाई कार्यपत्र पेश गर्नुभएको थियो ।

कार्यक्रममा विशेष अतिथि बागमती प्रदेशकी प्रदेससभा सदस्य भारती पाठकले शिक्षामा देखिएका यस्ताखाले सिकाइ समस्यालाई अनुसन्धानका माध्यमबाट तथ्य प्रस्तुत गर्न सकेकोमा परियोजनालाई धन्यवादसमेत दिनुभएको छ । प्रदेश तहबाट मात्र नभई संघीय सरकारकै समेत ध्यान जानुपर्ने विषयमा आफ्नो क्षेत्रबाट सक्दो पहल गर्नेसमेत पाठकले बताउनुभएको छ । प्रदेश तहबाट बन्नुपर्ने ऐन कानुनमा पनि शिक्षाजस्तो क्षेत्रमा आफू गम्भीर भएर लागिपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नं १५ का वडा अध्यक्ष सुनिल मोक्तान, पत्रकार कुमार अधिकारी, शिक्षकहरु डा. विजय नेपाल, केशव सञ्जेल, रमेश रिजाल, उमा श्रेष्ठ, विद्यालयका अभिभावक तथा स्थानीय बुद्धिजीवी एवम् सरोकारवालाको उपस्थिति रहेको थियो ।

## पुस्तक दिवस तथा सरस्वती पुजा

# पठन संस्कृतिको विकासमा पुस्तकालयको भूमिका विषयक बहस



*पठन संस्कृतिको विकासमा पुस्तकालयको भूमिका विषयक बहसमा सहभागी किशोर साहित्यकारहरु ।*

समाज संवाददाता

हेटौंडाः दसौं पुस्तक दिवस तथा सरस्वती पुजाको अवसरमा हेटौंडा-५ स्थित पुष्पलाल स्मृति पुस्तकालयले पठन संस्कृतिको विकासमा पुस्तकालयको भूमिका विषयक बहसको आयोजना गरेको छ । किशोर-किशोरी साहित्यकारसँग पुस्तकालयले बहस गरेको हो । साहित्य संगम मकवानपुरका सचिव तथा पुष्पलाल पुस्तकालय व्यवस्थापन समितिका संयोजक डीबी बर्तौलाले सहजीकरण गर्नुभएको बहसमा साहित्यकार समर्पण न्यौपाने, उषाकिरण अधिकारी र ऋत्विक केबी सहभागी हुनुहुन्थ्यो ।

बहसमा सहभागी किशोर-किशोरीले पठन संस्कृतिको विकासका लागि पुस्तकालय अनिवार्य सर्त भएको उल्लेख गर्दै स्रोतसाधन र प्रविधियुक्त पुस्तकालय स्थापनामा जोड दिनुपर्ने उल्लेख गरे । पुस्तकालयको स्थापना र प्रभावकारी व्यवस्थापनमा स्थानीय सरकारको ध्यान जानुपर्नेमा पनि सहभागीको भनाइ थियो । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाका अधिकृत भैरवबहादुर कुमालको प्रमुख आतिथ्यमा बहस भएको हो ।

प्रमुख अतिथि कुमालले हेटौंडा उपमहानगरपालिकाले पुस्तकालयका लागि विनियोजन गरेको बजेट पर्याप्त नभए पनि आगामी दिनमा यसलाई बढाउन र उपयोग गर्न सकिने उल्लेख गर्नुभएको छ । पुस्तकालयको प्रयोगप्रति समुदायको चासो बढाउँदै पुस्तकालय स्थापना र विस्तार गर्दै लैजानुपर्नेमा पनि उहाँले जोड दिनुभयो । कार्यक्रममा पुस्तकालय अभियन्ता एवम् पत्रकार सुरेश श्रेष्ठले अभिभावकलाई नै पढ्न प्रेरित गर्नुपर्ने र वडा-वडा हुँदै टोल-टोलमा पुस्तकालय स्थापना गर्न समुदायको सक्रियता र स्थानीय सरकारको लगानी जरुरी रहेको औंल्याउनुभयो ।

साहित्यकार दीपक गौतमले भौतिकरुपमा स्थापित पुस्तकालयलाई प्रविधिमैत्री बनाई डिजिटलस्वरुपमा पनि प्रयोग गर्न सकिने बताउनु आवश्यक रहेको उल्लेख गर्नुभयो । भौतिक पुस्तकजस्तो डिजिटल पुस्तक उपयोगी र सहज नहुने पनि उहाँको धारणा थियो । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले उपमहानगरपालिकाको सहयोगमा पुस्तकालय नियमितरुपमा सहजै सञ्चालन भएको जानकारी दिनुभयो । पुस्तकालयप्रति पाठकको ध्यान आकर्षित गर्न भने कठिन बन्दै गएको न्यौपानेले बताउनुभयो ।

# बालबालिकालाई विद्यालयमा अक्षरारम्भ

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका अधिकांश विद्यालयहरुले सरस्वती पूजाका दिन बिहीबार अक्षरारम्भ कार्यक्रम गरेका छन् । नवआगन्तुक बालबालिकाहरुलाई अक्षर चिनाएर अक्षरारम्भ कार्यक्रम गराइएको हो ।

हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयमा २५ जना नवआगन्तुक बालबालिकाले अक्षरारम्भ गरेको विद्यालयका शिक्षक मुकेश मिश्रले जानकारी दिनुभयो । हेटौंडा-४ कै श्रमिक माध्यमिक विद्यालयमा पनि बालबालिकालाई अक्षरारम्भ गराइएको छ । हेटौंडा ४ का वडा अध्यक्ष नवीन सिग्देलले अक्षरारम्भ कार्यक्रम शुभारम्भ गर्नुभएको विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो ।

यस्तै, हेटौंडा-५, पिप्लेमा रहेको जेनिथ इन्टरनेशनल बोर्डिङ स्कूलमा करिब ३० जना नवआगन्तुक बालबालिकाले अक्षरारम्भ गरेका छन् । हेटौंडा-६, गौरीटारमा रहेको बालजागृति युवावर्ष माध्यमिक विद्यालयमा पनि करिब ८ जना बालबालिकाले अक्षरारम्भ गरेको विद्यालयका प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभयो । सोही अवसरमा पूर्व विद्यार्थीहरुलाई समेत भेला गरिएको उहाँले बताउनुभयो ।

विद्यालयको सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले भेला गरिएको उहाँको भनाइ छ । हेटौंडा-६ का वडाध्यक्ष बिष्णु दाहाल, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थिति थियो । अमर माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलगायत केही विद्यालयहरुले भने भर्ना अभियानकै बेला आगामी बैशाख महिनामा अक्षरारम्भ कार्यक्रम गरिने जनाएका छन् ।



**सामूहिक बेलविवाह**ः हेटौंडा-१०, बसपार्कमा सामूहिक बेलविवाह कार्यक्रममा सहभागी कन्याहरुको समूह । बुधबार र बिहीबार दुईदिन आयोजित बेलविवाह कार्यक्रममा ८८ कन्याको सहभागिता रहेको थियो । नेवारी परम्पराअनुसार महिनावारी हुनुभन्दा अघि बेलाविवाह गरिन्छ । परम्परा र संस्कृतिअनुसार बेलविवाह गर्न गुरु तथा स्रोतसाधन जुटाउन असहज हुने अवस्थाका कारण हेटौंडामा २०२९ सालदेखि सामूहिक बेलविवाहको कार्म गर्दै आएको छ ।

# मामाघरलाई खाद्यान्न र स्टेशनरी सहयोग

समाज संवाददाता

हेटौंडाः सरस्वती पूजाका दिन बिहीबार हेटौंडा-११, डाङ्डुङ्गेमा रहेको मामाघर नेपाल मकवानपुरलाई खाद्यान्न तथा स्टेशनरी सहयोग गरिएको छ । संयुक्त मधेसी युवा समिति नेपाल मकवानपुरले सडक बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको मामाघरलाई खाद्यान्न तथा स्टेशनरी सामग्री सहयोग गरेको हो ।

२ बोरा चामल, १ कार्टुन तेल, १ थान इलेक्ट्रोनिक जग, १ बट्टा ग्लुकोज, २ दर्जन बिस्कुट, १ कार्टुन चाउचाउ, ३ प्याकेट फुरनदाना, ३ प्याकेट चिउरा, १ क्रेट गोलभैंडा, २ क्रेड अण्डा, ५ थान चेस, १५ थान पुस्तक, ४ थान कलम सहयोग गरेको मामाघर नेपालले जनाएको छ । संयुक्त मधेसी युवा समिति नेपाल मकवानपुरका पदाधिकारीहरु मुकेश बानियाँ, रुपककुमार वर्णवाल, पंकज दास, कृष्ण साह, राहुल दास, बिक्रम दासको उपस्थितिमा मामाघर नेपाल मकवानपुरलाई सहयोग प्रदान गरिएको छ ।

# विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन सहयोग

समाज संवाददाता

हेटौंडाः इन्द्रसरोवर गाउँपालिकाका २ वटा विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन सहयोग गरिएको छ । गाउँपालिकाले फाखेलस्थित महाचुनी माध्यमिक विद्यालय र सिस्नेरीस्थित बत्सलादेवी माध्यमिक विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन सहयोग गरेको हो ।

इन्द्रसरोवर गाउँपालिकाकी उपाध्यक्ष उमाकुमारी लामाले बुधबार महाचुनी माध्यमिक विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन हस्तान्तरण गर्नुभएको छ । लामाले किशोरीको महिनावारीमा सुधार गर्न, स्वास्थ्य समस्यालाई निराकरण गर्न, छात्राहरु नियमित विद्यालय आउने वातावरण बनाउन र विद्यालयलाई सफा राख्न उक्त कार्यक्रमले सहयोग पुग्ने दाबी गर्नुभयो । १ लाख रुपैयाँ बराबरको मेसिन विद्यालयलाई हस्तान्तरण गरिएको हो ।

यस्तै, बत्सलादेवी माध्यमिक विद्यालयलाई मेसिन उपलब्ध गरिए पनि औपचारिक कार्यक्रम गरी हस्तान्तरण गर्न भने बाँकी रहेको इन्द्रसरोवर गाउँपालिका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा पालिकाले विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन हस्तान्तरण कार्यक्रमका लागि ३ लाख रुपैयाँ बजेट छुट्याएको पन्तले बताउनुभयो ।

पर्याप्त बजेटको अभावका कारण अन्य विद्यालयलाई भने अगामी शैक्षिक सत्रमा मात्र सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन दिइने उहाँले जानकारी दिनुभयो । ७ वटा सामुदायिक विद्यालयलाई सेनिटरी प्याड डिस्पोज र भेन्डिङ मेसिन हस्तान्तरण गरिने कार्यक्रम पालिकाको रहेको बताउनुभयो ।

चालु शैक्षिक सत्रमा २ वटा विद्यालयलाई हस्तान्तरण गरिसकेको र बाँकी ५ वटा विद्यालयलाई भने अगामी शैक्षिक सत्रमा दिइने उहाँले बताउनुभयो । गाउँपालिकाकी उपाध्यक्ष लामा र शिक्षा शाखा प्रमुख पन्तले महाचुनी माध्यमिक विद्यालयको विज्ञान प्रयोगशाला र गणित प्रयोगशालाको अवलोकनसमेत गर्नुभएको छ ।

# अस्मी घिमिरेको समूह प्रथम

समाज संवाददाता

हेटौंडाः बसन्त पञ्चमीको अवसरमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टले नृत्य प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा क्याम्पसकी विद्यार्थी अस्मी घिमिरेको समूह प्रथम भएको छ ।

प्रतियोगितामा प्रनिश घिमिरेको समूह द्वितीय, सुप्रिया चौलागाई तृतीय भएका छन् । नलिनाको समूह चौथो र रिज्मा रेश्मा पाँचौं भएका छन् । यस्तै, अश्रीया बानिया क्लासिकल नृत्य र निराजनकुमार यादव उत्कृष्ट भएका छन् । कार्यक्रममा क्याम्पसका अध्यक्ष देवप्रसाद श्रेष्ठ, प्रिन्सिपल पुरनबहादुर जोशीलगायतको उपस्थिति रहेको थियो । प्रतियोगितामा कलिउड सुपर डान्स एण्ड फिटनेसका सञ्चालक सुजन श्रेष्ठ र रियो छमछमी सिजन ४ की बिजेता सन्ध्या आचार्यले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

# पशुपतिनाथका अनुशासित विद्यार्थी सम्मानित

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिकाको हाँडीखोलास्थित पशुपतिनाथ माध्यमिक विद्यालयमा अध्ययनरत दुई जना विद्यार्थीलाई अनुशासित विद्यार्थीको रुपमा सम्मानित गरिएको छ । सरस्वती पूजाको अवसरमा एक छात्र र एक छात्रालाई सम्मानित गरिएको हो ।

कक्षा ९ की छात्रा सुष्मा कार्की र कक्षा ८ का छात्र सन्दीप प्रजालाई विद्यालयको अनुशासित विद्यार्थीको रुपमा सम्मानित गरिएको हो । मनहरी गाउँपालिकाको कार्यपालिका सदस्य मीरा खत्री, मनहरी-४ का पूर्ववडाध्यक्ष ध्रुब खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधब गौतमले विद्यार्थीलाई नगदसहित सम्मानपत्र प्रदान गर्नुभएको थियो । हरेक श्रीपञ्चमीका दिन विद्यालयले यस्तै सम्मान गर्दै आएको छ ।

विद्यालयका पूर्वशिक्षक चेतप्रसाद पौडेलले आफ्नो माता जसोदादेवी पौडेल र पिता लालप्रसाद पौडेलको स्मृतिमा स्थापना गरेको अनुशासित विद्यार्थी सम्मान प्रदान गरिएको हो । शिक्षक पौडेलले सेवाननिवृत्त जीवनमा आफूले अध्यापन गरेको विद्यालयलाई सहयोग गर्ने क्रममा ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गर्नुभएको हो ।

५० हजार रुपैयाँको अक्षयकोषबाट प्राप्त वार्षिक ब्याज आम्दानीबाट दुई जना छात्रछात्रालाई नगद तथा प्रशंशापत्र प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिनुभयो । विद्यालयले विगत ६ वर्षदेखि बसन्त पञ्चमीको अवसरमा विद्यार्थी सम्मान गर्न थालेको हो ।

हार्दिक बधाई एवम् आभार



हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड-२०७९ मा सहभागी भई जिल्लास्तरीय प्रतियोगिताका लागि छनोट हुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यार्थी, सहयोगी शिक्षक, सहभागिता जनाउने विद्यालय परिवारप्रति आभार व्यक्त गर्दछौं । साथै प्रतियोगिता आयोजनाका लागि हामीलाई व्यवस्थापकीय जिम्मेवारी दिने हेटौंडा उपमहानगरपालिका, प्रतियोगिता आयोजनाका लागि सहयोग गर्ने खेलकुद संघका पदाधिकारी, प्रशिक्षक, खेलाडी सम्पूर्णमा समेत आभार व्यक्त गर्दछौं ।

जीधराज ढकाल, प्रधानाध्यापक

एवम् चन्द्रोदय मावि परिवार

हेटौंडा-८, कमाने

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ